# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) वीरेन्द्रनगर, सुर्खेत, चैत ३१ गते, २०८१ साल (अतिरिक्ताङ्क २५

## भाग-१

## कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## <u>सूचना</u>

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सम्वत् २०८१ सालको ऐन नं.७

### कर्णाली प्रदेशको विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना**ः प्रदेशस्तरमा उपलब्ध जलस्रोत लगायत नवीकरणीय तथा अन्य ऊर्जाका स्रोतको दिगो रुपमा अधिकतम र उचित परिचालनका माध्यमबाट विद्युत उत्पादन, प्रसारण र वितरणलाई प्रवर्धन गरी उपभोक्तालाई वातावरण मैत्री, स्वच्छ, नियमित, भरपर्दो, गुणस्तरीय, सुरक्षित तथा सर्वसुलभ रुपमा विद्युत सेवा उपलब्ध गराउनका लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कर्णाली प्रदेश विद्युत ऐन, २०८१" रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले विद्युत सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण, व्यापार, ग्राहक सेवा वा विद्युत उत्पादन गर्ने बाँधको विकास तथा सञ्चालनको लागि यस ऐनबमोजिम प्रदान गरिएको अनुमतिपत्र सम्झनु पर्छ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले यस ऐनबमोजिम अनुमतिपत्र प्राप्त गरेको सरकारी, सामुदायिक, सहकारी, कानूनबमोजिम स्थापित वा निजी स्वामित्वको संस्था सम्झनु पर्छ।

(ग) "अनुमतिपत्र प्रदान गर्ने अधिकारी" भन्नाले दफा १५ बमोजिम अनुमतिपत्र प्रदान गर्ने अधिकारी सम्झनु पर्छ।

(घ) "आयोग" भन्नाले विद्युत नियमन आयोग ऐन, २०७४ बमोजिमको विद्युत नियमन आयोग सम्झनु पर्छ।

(ङ) "उत्पादन" भन्नाले विद्युत उत्पादन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस्तो कार्यको लागि आवश्यक संरचनाको निर्माण, सञ्चालन तथा मर्मत सम्भारको कार्यलाई समेत जनाउँछ।

(च) "क्याप्टिभ उत्पादन" भन्नाले कुनै संस्था, उद्योग, फर्म वा कम्पनीले आफ्नो परिसरभित्र आफ्नो प्रयोजनका लागि वा आफूले उत्पादन गरेको विद्युतको कम्तीमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

एकाउन्न प्रतिशत आफैं उपयोग गर्ने गरी निर्माण गरेको जलविद्युत बाहेकका आयोजनाबाट विद्युत उत्पादन गर्ने कार्य सम्झनु पर्छ।

(छ) "ग्राहक" भन्नाले वितरण वा ग्राहक सेवाको अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत लाइन र मिटर समेत जडान गरी विद्युत सेवा लिने व्यक्ति, निकाय वा संस्था सम्झनु पर्छ।

(ज) "ग्राहक सेवा" भन्नाले ग्राहकको माग बमोजिम ग्राहकको घर, भवन वा परिसरमा विद्युत सेवा आपूर्ति गर्ने कार्य सम्झनु पर्छ।

(झ) "ग्रीड" भन्नाले प्रसारण लाइन, सबस्टेशन तथा उत्पादन केन्द्रहरु एक-आपसमा अन्तर सम्बन्धित भएको मध्यम वा उच्च भोल्टेजयुक्त विद्युत सञ्जाल सम्झनु पर्छ।

(ञ) "जलविद्युत" भन्नाले जलस्रोतबाट उत्पादित विद्युत शक्ति सम्झनु पर्छ।

(ट) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ठ) "प्रसारण" भन्नाले वितरण प्रणाली बाहेक कुनै एक विद्युत उत्पादन केन्द्रबाट अर्को विद्युत उत्पादन केन्द्र वा सबस्टेशनसम्म वा कुनै एक सबस्टेशनबाट अर्को सबस्टेशनसम्म विद्युत शक्ति प्रवाह गर्ने प्रक्रिया सम्झनु पर्छ।

(ड) "प्रदेशस्तरको विद्युत आयोजना" भन्नाले प्रदेश सरकारले अनुमतिपत्र प्रदान गरेको तीन मेगावाटदेखि बीस मेगावाटसम्मको विद्युत आयोजना सम्झनु पर्छ।

(ढ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय सम्झनु पर्छ।

(ण) "महसुल" भन्नाले विद्युत सेवा उपभोग गरेबापत ग्राहकले विद्युत वितरण अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्ने आयोगले तोकेको विद्युत महसुल वा अन्य शुल्क सम्झनु पर्छ।

(त) "राष्ट्रिय प्रसारण ग्रीड" भन्नाले प्रचलित संघीय कानूनबमोजिम परिभाषित गरिएको राष्ट्रिय प्रसारण ग्रीड सम्झनु पर्छ।

(थ) "वितरण" भन्नाले प्रसारण लाइन वा सबस्टेशनबाट ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(द) "वितरण प्रणाली" भन्नाले ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने उद्देश्यले निर्माण गरिएको विद्युत वितरण सञ्जाल वा संरचना सम्झनु पर्छ र सो शब्दले त्यस्तो सञ्जाल वा संरचनामा जडित मेसिनरी तथा उपकरणलाई समेत जनाउँछ।

(ध) "विद्युत" भन्नाले जलस्रोत, खनिज तेल, कोइला, ग्यौँस, सौर्य, वायु, आणविक, भूतापीय, जैविक पदार्थ, गुरुत्व बल वा अन्य कुनै स्रोतबाट उत्पादन गरिएको विद्युत ऊर्जा सम्झनु पर्छ।

(न) "विद्युत आयोजना" भन्नाले विद्युतको सर्वेक्षण, उत्पादन, प्रसारण, वितरण, पुनर्निर्माण वा विस्तारसँग सम्बन्धित आयोजना सम्झनु पर्छ।

(प) "विद्युत मार्गको अधिकारक्षेत्र (राइट अफ वे)" भन्नाले विद्युत प्रसारण तथा वितरणको लागि जमिन मुनि वा जमिन माथिबाट आवश्यक विद्युतीय तार तान्न र त्यस्तो तार यथावत कायम राख्न भोल्टेज अनुसार आवश्यक पर्ने न्यूनतम दूरी सहितको क्षेत्र सम्झनु पर्छ

आन्तरिक मामिला तथा कानून मन्त्रालय

र सो शब्दले त्यस्तो विद्युतीय तारको निर्माण, मर्मत–सम्भार, हेरफेर, परिवर्तन वा सुरक्षाको लागि त्यस्तो जमिनमा प्रवेश गर्न पाउने अधिकारलाई समेत जनाउँछ।

(फ) "विद्युतीकरण" भन्नाले विद्युत सेवा नपुगेको क्षेत्रमा तेत्तीस किलो भोल्ट वा सोभन्दा कम भोल्टेज स्तरका वितरण लाइन तथा सबस्टेशन लगायत आवश्यक पूर्वाधारको निर्माण गरी राष्ट्रिय प्रसारण ग्रीड वा छुट्टै प्रणाली मार्फत विद्युत सेवा उपलव्ध गराउने कार्य सम्झनु पर्छ।

(ब) "स्वदेशी लगानीकर्ता" भन्नाले प्रदेश सरकारलाई आयोजना हस्तान्तरण गर्न तोकिएको समयसम्म त्यस्तो संस्थाको एकाउन्न प्रतिशतभन्दा बढी शेयरमा नेपाली नागरिकको लगानी रहेको संस्था सम्झनु पर्छ।

(भ) "संरचना" भन्नाले विद्युत उत्पादन, प्रसारण वा वितरणको लागि निर्माण भएका बाँध, जलाशय, जलमार्ग, प्रवेश मार्ग, सुरुङ्ग, विद्युत गृह वा केन्द्र, सबस्टेशन, प्रसारण लाइन र वितरण लाइन सम्झनु पर्छ र सो शब्दले त्यस्ता संरचनाले चर्चेको जग्गा र त्यसमा जडित मेसिनरी र उपकरणलाई समेत जनाउँछ।

(म) "सहउत्पादन" भन्नाले एउटै उत्पादन प्रणालीबाट तापीय र विद्युत शक्ति उत्पादन गर्ने प्रक्रिया सम्झनु पर्छ।

(य) "सामुदायिक विद्युतीकरण" भन्नाले स्थानीय समुदायले सामुदायिक विद्युत उपभोक्ता संस्थाका माध्यमबाट विद्युत वितरण र ग्राहक सेवा सञ्चालन गर्ने कार्य सम्झनु पर्छ।

(र) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्र रहेका गाउँपालिका र नगरपालिका सम्झनु पर्छ।

(ल) "नवीकरणीय ऊर्जा" भन्नाले लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जाका विभिन्न प्रकार र वायोग्याँस सम्झनु पर्छ।

## परिच्छेद– २

## <u>विद्युत आयोजनाको अध्ययन, विकास तथा सञ्चालन र पहुँच सम्बन्धी व्यवस्था</u>

३. **<u>विद्युत आयोजनाको अध्ययनः</u>** (१) यस ऐन र प्रचलित संघीय कानून बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र अन्तर्गतका विद्युत आयोजनाको बारेमा मन्त्रालयले सम्भाव्यता अध्ययन र सर्वेक्षण सम्बन्धी कार्य गर्ने र गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्भाव्यता अध्ययन र सर्वेक्षण सम्बन्धी कार्य गर्दा आवश्यकता अनुसार नेपाल सरकार, स्थानीय तह र प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ।

(३) प्रदेश सरकारले कुनै आयोजनाको सम्भाव्यता अध्ययन र सर्वेक्षणका लागि नेपाल सरकारसँग सहयोग लिन वा साझेदारी तथा सहकार्य गर्न सक्नेछ।

४. **<u>प्राथमिकता प्राप्त आयोजनाः</u>** (१) देहायका विद्युत आयोजना प्रादेशिक प्राथमिकता प्राप्त आयोजनाका रुपमा रहनेछन्ः-

(क) बहुउद्देश्यीय जलविद्युत आयोजना,

(ख) जलाशययुक्त आयोजना,

(ग) अर्धजलाशययुक्त आयोजना,

(घ) नदी प्रवाहमा आधारित जलविद्युत आयोजना,

(ङ) सौर्य ऊर्जा तथा विभिन्न नवीकरणीय ऊर्जामा आधारित विद्युत आयोजना।

(२) उपदफा (१) बमोजिमका आयोजनामध्ये प्रादेशिक महत्व, स्थानीय आवश्यकता र लगानी तथा वातावरणीय सम्भाव्यताका आधारमा उपयुक्त आयोजनालाई मन्त्रालयको सिफारिसमा निर्देशक

समितिले विशेष प्राथमिकता प्रदान गर्ने निर्णय गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमका आयोजनामा यस ऐन बमोजिम प्राप्त छुट तथा सुविधाको अतिरिक्त प्रचलित कानून बमोजिम आयोजनाले प्राप्त गर्ने अन्य सुविधा तथा सहुलियत तोकिए बमोजिम उपलव्ध हुन सक्नेछ।

(४) प्रदेश सरकारले विभिन्न विद्युत आयोजनाको विकास तथा विस्तारमा शेयर लगानी तथा साझेदारीमा विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न सक्नेछ।

५. **लघु तथा साना जलविद्युत र नवीकरणीय ऊर्जाको विकासः** (१) प्रदेश सरकारले ग्रामीण विद्युतीकरण गर्ने गरी लघु तथा साना जलविद्युत र नवीकरणीय ऊर्जाको विकास गर्न स्थानीय तह र लघु तथा साना जलविद्युत उपभोक्ता संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) लघु तथा साना जलविद्युत आयोजनाको विकास तथा सञ्चालन र सामुदायिक तथा ग्रामीण विद्युतीकरण गर्दा सम्बन्धित क्षेत्रका विद्युत उपभोक्ता संस्था वा स्थानीय समुदाय मार्फत सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दुर्गम क्षेत्र र अन्य जटिलताका कारण विद्युतमा पहुँच नपुगेको क्षेत्रमा विद्युतको विकास तथा विस्तारका लागि प्रदेश सरकारले आफैं वा स्थानीय तह मार्फत वा स्थानीय तहसँगको साझेदारीमा आयोजनाको विकास तथा सञ्चालन गर्न सक्नेछ।

(४) ग्रामीण विद्युतीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

६. **आयोजनाको विकास तथा सञ्चालन गर्ने अधिकारः** (१) मन्त्रालयले तीनदेखि बीस मेगावाटसम्म जडित क्षमताको जलविद्युत वा नवीकरणीय ऊर्जामा आधारित विद्युत आयोजनाको उत्पादन र सञ्चालन गर्न सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) मा उल्लिखित परिमाणभन्दा बढी क्षमताका विद्युत आयोजनाको उत्पादन तथा सञ्चालन अनुमति प्रदेश सरकारले प्रदान गर्ने गरी नेपाल सरकारले निर्णय गरेमा त्यस्तो आयोजनाको अनुमति प्रदेश सरकारले प्रदान गर्न सक्नेछ।

७. **विद्युतमा नागरिकको पहुँचः** (१) प्रदेश सरकारले नेपाल सरकार, स्थानीय तह र विद्युत उत्पादक तथा वितरक निकायसँगको सहकार्य र समन्वयमा स्वच्छ, गुणस्तरीय, सुरक्षित, नियमित, भरपर्दो र सर्वसुलभ विद्युतमा प्रत्येक नागरिकको पहुँच सुनिश्चित हुनेगरी विद्युतको विकास र वितरण गर्नेछ।

(२) गरीब तथा विपन्न, सीमान्तकृत र जोखिम तथा विपद वा प्रकोपमा परेका भनी प्रचलित कानून बमोजिम पहिचान भएका परिवारलाई तोकिए बमोजिमको विद्युत उपभोगमा प्रदेश सरकारले निःशुल्क वितरण, महसुल छुट वा अनुदान प्रदान गर्न सक्नेछ।

८. **निर्देशक समितिः** (१) प्रदेशमा विभिन्न विद्युत आयोजनाको अध्ययन, विकास तथा सञ्चालन सम्बन्धी नीतिगत निर्णय र सम्बन्धित निकायहरुबीच आवश्यक समन्वय गर्न देहाय बमोजिमको एक प्रदेश विद्युत निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सदस्य (ऊर्जा विषय हेर्ने), प्रदेश योजना आयोग -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय -सदस्य

(ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) ऊर्जा, जलस्रोत, वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापन विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी

विद्युतको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभवको प्रमाणपत्र भएका व्यक्ति मध्ये मन्त्रालयको सिफारिसमा समावेशी सिद्धान्तका आधारमा निर्देशक समितिले मनोनयन गरेका कम्तिमा एक जना महिला सहित तीन जना -सदस्य

(छ) प्रमुख, ऊर्जा महाशाखा, मन्त्रालय-सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्यको पदावधि मनोनयनको मितिले तीन वर्षको हुनेछ र निजहरुलाई पुनः एक पटकका लागि मनोनयन गर्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यको काम सन्तोषजनक नभएमा वा पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा निर्देशक समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ वा अन्य निकायका प्रतिनिधिहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफैं निर्धारण गरे बमोजिम हुनेछ।

९. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने विद्युत आयोजनाको सूची स्वीकृत गर्ने,

(ख) खण्ड (क) बमोजिम स्वीकृत भएका आयोजनामा सरकारी तथा निजी वा निजी सार्वजनिक लगानीमा विकास तथा सञ्चालन गरिने विद्युत आयोजनाको

पहिचान गरी स्वीकृत गर्ने,

(ग) विद्युत आयोजना विकास तथा सञ्चालनका सम्बन्धमा नेपाल सरकार, स्थानीय तह र लगानीकर्ता वा आयोजना विकासकर्तासँग समेत आवश्यक समन्वय र सहजीकरण गर्ने,

(घ) विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्बन्धी नीतिगत व्यवस्था र सोको कर्यान्वयन तथा आयोजना क्षेत्रमा देखिएका समस्याको समाधानका लागि समय–समयमा नेपाल सरकार, स्थानीय तह र सम्बन्धित पक्षसँग छलफल गरी समस्या सम्बोधन गर्ने,

(ङ) विद्युत सम्बन्धी सरोकारवाला निकायबीच आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(च) विद्युतीकरण सम्बन्धी समग्र प्रक्रिया र संरचनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि आवश्यक कार्यहरु गर्ने,

(छ) प्रदेश सरकारले तोके बमोजिमका विद्युत सम्बन्धी कार्य गर्ने,

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद-३

## प्रतिस्पर्धा तथा प्रस्ताव छनौट सम्बन्धी व्यवस्था

१०. **प्रतिस्पर्धा गर्नु पर्नेः** (१) यो ऐन प्रारम्भ भएपछि विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन गर्दा लगानीकर्ता बीचको प्रतिस्पर्धाको आधारमा गर्नु पर्नेछ।

(२) विद्युतको प्रसारण, वितरण तथा सञ्चालन समेत प्रतिस्पर्धाको आधारमा गर्न सकिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमका विद्युत आयोजना प्रतिस्पर्धा नगराई विकास तथा सञ्चालन गर्न सकिनेछः-

(क) यो ऐन प्रारम्भ हुनुअघि सर्वेक्षण अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो अनुमतिपत्रको अवधिभित्रै उत्पादन अनुमतिपत्रको लागि यस ऐन बमोजिम निवेदन दिएको विद्युत आयोजना,

तर सर्वेक्षण अनुमतिपत्रको अवधिभित्र यस ऐन बमोजिम उत्पादन अनुमतिपत्रको लागि निवेदन दिएका तर त्यस्तो निवेदन साथ पेश गर्नुपर्ने आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन, आयोजना सञ्चालन विधी, वित्तीय व्यवस्थापन सम्बन्धी कागजात लगायत आवश्यक विवरण पेश गर्न नसकेका आयोजनाको हकमा सर्वेक्षण अनुमति खारेज गरी त्यस्तो आयोजना उपदफा (१) बमोजिम प्रतिस्पर्धाको माध्यमबाट विकास तथा सञ्चालन गरिनेछ।

(ख) प्रदेश सरकारको प्राथमिकतामा परेका बाहेकका आयोजनाहरुको हकमा निजी प्रवर्द्धकले आयोजना विकास गर्न चाहेको विद्युत आयोजना,

(ग) प्रदेश सरकार वा प्रदेश सरकारको निकायको एकाउन्न प्रतिशत वा सोभन्दा बढी शेयर लगानी भएको संस्था, निकाय वा संगठित संस्थाले विकास तथा सञ्चालन गर्ने भनी पहिचान भएको विद्युत आयोजना,

(घ) प्रदेश सरकारले एकल वा संयुक्त लगानीमा विकास तथा सञ्चालन गर्ने विद्युत आयोजना,

(ङ) क्याप्टिभ उत्पादन तथा सहउत्पादनको विद्युत आयोजना।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा दुई पटकसम्म आशयपत्र वा प्रस्ताव आह्वान गर्दा समेत त्यस्तो विद्युत उत्पादन आयोजनाको लागि आशयपत्र वा प्रस्ताव पेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय

हुन नसकेका देहायबमोजिमका विद्युत उत्पादन आयोजना सम्बन्धित निकायले आवश्यक प्रक्रिया पूरा गरी सोझै वार्ताद्वारा सम्झौता गरी कार्यान्वयन गराउन सक्नेछः-

(क) विद्युत आयोजनाको लागतको कारण आर्थिक तथा प्राविधिक रुपमा प्रतिस्पर्धा हुन सक्ने सम्भावना नभएको आयोजना,

(ख) नयाँ अवधारणा वा प्रविधि समावेश भएको आयोजना,

(ग) प्रदेशको प्राथमिकताका आधारमा अन्य निकायबाट कार्यन्वयन गर्ने गरी छनौट गरिएको आयोजना।

(५) उपदफा (४) बमोजिमको कुनै विद्युत आयोजना वार्ताद्वारा कार्यन्वयन गर्न चाहने प्रस्तावकले तोकिएको विषयहरु खुलाई सम्बन्धित निकाय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रस्ताव तोकिए बमोजिम विस्तृत मूल्याङ्कन गरी सम्बन्धित निकायले वार्ताद्वारा विद्युत आयोजना कार्यान्वयन गर्न स्वीकृति दिन सक्नेछ।

(७) यो ऐन प्रारम्भ हुनु अघि विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेका वा यस ऐन बमोजिम छनौट भएका विद्युत उत्पादन आयोजनाबाट उत्पादित विद्युतमध्ये स्वदेशमा खपत हुने विद्युतको हकमा विद्युत वितरण संस्थाले विद्युत खरिद दरमा प्रतिस्पर्धा गराई विद्युत खरिद गर्नुपर्नेछ र उत्पादन अनुमतिपत्र प्राप्त गरिसकेका आयोजनाको हकमा समेत आयोजनाले चाहेमा त्यस्तो विद्युत खरिद दरमा प्रतिस्पर्धामा भाग लिन पाउनेछ।

(८) प्रतिस्पर्धाको माध्यमबाट आयोजना विकास सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११. <u>प्रस्ताव आव्हानः</u>** (१) दफा १० बमोजिम प्रतिस्पर्धाको माध्यमबाट विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन गर्न देहायका विषयहरु उल्लेख गरी मन्त्रालयले सार्वजनिक रुपमा सूचना मार्फत आयोजनाका लागि प्रस्ताव आह्वान गर्नु पर्नेछः-

(क) प्रतिस्पर्धाको आधार,

(ख) आयोजनाका लागि आवश्यक पर्ने पूँजी,

(ग) प्राविधिक तथा व्यवसायिक क्षमता,

(घ) आयोजना सम्बन्धी अनुभव र योग्यता,

(ङ) आयोजनाबाट प्राप्त लाभको बाँडफाँड,

(च) तोकिए बमोजिमको अन्य विषय।

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचनाबमोजिम विद्युत उत्पादन आयोजनाको विकास तथा सञ्चालन गर्न इच्छुक संस्थाले त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र आफ्नो प्रस्ताव पेश गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गर्नेसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **प्रस्ताव छनौट र सम्झौताः** (१) दफा ११ बमोजिम प्राप्त प्रस्ताव उपर तोकिएबमोजिमका आधारमा मूल्याङ्कन गरी योग्य प्रस्तावकलाई आयोजनाको विकास र सञ्चालनका लागि छनौट गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव छनौट गर्दा विदेशी लगानीकर्ताको समेत प्रस्ताव पेश भएको विद्युत उत्पादन आयोजनाको हकमा त्यस्तो विदेशी लगानीकर्ताले आर्थिक प्रस्तावमा प्रदेश सरकारलाई बुझाउन कबोल गरेको समग्र लाभभन्दा स्वदेशी लगानीकर्ताले कबोल गरेको समग्र लाभ दुई प्रतिशतसम्म कम भए पनि स्वदेशी लगानीकर्ताको प्रस्ताव छनौट गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनका लागि “स्वदेशी लगानीकर्ता” भन्नाले प्रदेश सरकारलाई आयोजना हस्तान्तरण गर्ने समयसम्म त्यस्तो संस्थाको एकाउन्न प्रतिशत भन्दा बढी शेयरमा नेपाली नागरिकको लगानी रहेको संस्था सम्झनु पर्छ।

(३) उपदफा (१) र (२) बमोजिम प्रस्ताव छनौट गर्ने र सम्झौता सम्पन्न गर्नेसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **प्रदेश सरकारले आयोजनाको विकास र सञ्चालन गर्न सक्नेः** प्रदेश

सरकारले पहिचान गरेका आयोजनामध्ये कुनै आयोजना प्रतिस्पर्धा नगराई आफै वा आफ्नो स्वामित्वमा रहेको कुनै संगठित संस्थाका माध्यमबाट आयोजनाको विकास र सञ्चालन गर्न सक्नेछ। यसरी आयोजनाको विकास र सञ्चालन गर्दा प्रदेश सरकारले तोकिए बमोजिम प्रादेशिक विद्युत संस्था स्थापना र सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद-४

## <u>अनुमतिपत्र सम्बन्धी व्यवस्था</u>

१४. **<u>अनुमतिपत्र लिनुपर्नेः</u>** (१) यस ऐनबमोजिम अनुमतिपत्र नलिई विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न पाइने छैन।

तर प्रदेश सरकार आफैंले विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न अनुमतिपत्र आवश्यक पर्ने छैन।

(२) प्रदेश सरकारले अनुमतिपत्र प्रदान गर्ने संस्था वा दफा २५ बमोजिम सम्झौता भएको संस्थाले अनुमतिपत्र लिन चाहेमा मन्त्रालय समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्रको लागि निवेदन दिंदा तोकिएको निवेदन दस्तुर सहित देहायका कागजात तथा विवरण पेश गर्नु पर्नेछः-

(क) विद्युत आयोजनाको विकास तथा संचालन गर्न आवश्यक पर्ने पूँजी,

(ख) आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन,

(ग) वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) आयोजना सञ्चालन विधि,

(ङ) विद्युत खरिद, बिक्री सम्बन्धी विवरण,

(च) वित्तीय व्यवस्थापन सम्बन्धी कागजात लगायतका विवरण,

(छ) संस्थागत विवरण, प्राविधिक तथा व्यावसायिक क्षमता र अनुभव,

(ज) तोकिए बमोजिमका अन्य विवरण।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) प्रदेश सरकार आफैंले गर्ने विद्युत उत्पादन, वितरण र ग्राहक सेवाको लागि कुनै दस्तुर तिर्नु पर्ने छैन।

१५. **अनुमतिपत्र प्रदान गर्ने अधिकारः** (१) विद्युत आयोजनाको विकास तथा सञ्चालनको लागि अनुमतिपत्र प्रदान गर्ने अधिकार देहाय बमोजिम हुनेछः-

(क) तीन मेगावाटसम्म जडित क्षमताको साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा सम्बन्धी विद्युत उत्पादन आयोजना र सोको लागि आवश्यक विद्युत प्रसारण लाइनको सम्बन्धित स्थानीय तह,

(ख) तीन मेगावाटभन्दा बढी बीस मेगावाटसम्म जडित क्षमताको प्रदेशस्तरका विद्युत उत्पादन आयोजना र सोको लागि आवश्यक विद्युत प्रसारण लाइनको प्रदेश सरकार,

(ग) दुई वा सोभन्दा बढी स्थानीय तहको सिमानामा पर्ने तीन मेगावाटसम्म जडित क्षमताको विद्युत उत्पादन आयोजना र सोको लागि आवश्यक विद्युत प्रसारण लाइनको प्रदेश सरकार,

(२) उपदफा (१) को खण्ड (क) बमोजिम स्थानीय तहले प्राविधिक विषयमा मन्त्रालयसँग समन्वय गरेर मात्र अनुमतिपत्र जारी गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्दा विद्युत उत्पादनको स्रोत र आयोजना क्षेत्र दोहोरो पर्ने गरी विद्युत उत्पादन अनुमतिपत्र प्रदान गरिने छैन।

तर प्राविधिक दृष्टिकोणबाट विद्युत उत्पादनमा असर नपर्ने भएमा आयोजना क्षेत्रको केही भाग दोहोरो पर्ने भए पनि अनुमतिपत्र प्रदान गर्न बाधा पर्ने छैन।

(४) स्थानीय तहले आफ्नो अधिकार बमोजिम उत्पादन अनुमतिपत्र प्रदान गर्नु अघि विद्युत उत्पादनको स्रोत र आयोजना क्षेत्र

दोहोरो नपर्ने भन्ने कुरा सुनिश्चित गर्न मन्त्रालयसँग आवश्यक समन्वय र परामर्श गर्नु पर्नेछ।

१६. **अनुमतिपत्र दिनुपर्ने**: (१) दफा १४ बमोजिम पेश भएको निवेदन र सो साथ संलग्न कागजात तथा विवरणउपर जाचँबुझ गर्दा अनुमतिपत्र दिन मनासिब देखिएमा निवेदन पेश भएको नब्बे दिनभित्र तोकिएको ढाँचामा अनुमतिपत्र दस्तुर लिई अनुमतिपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिनु अघि सरोकारवालाहरुको राय सुझावको लागि आयोजनाको संक्षिप्त विवरण सहितको पन्ध्र दिनको सार्वजनिक सूचना राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अनुमतिपत्रमा त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाले पालना गर्नुपर्ने मापदण्ड तथा सर्तहरु समेत तोक्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने अधिकारीले अनुमतिपत्र दिएको सात दिनभित्र त्यस्तो अनुमतिपत्र दिएको विषय सम्बन्धमा तीन तहका सरकारबीच एक आपसमा जानकारी गराउनु पर्नेछ र त्यस्तो आयोजना सम्बन्धी विवरण अद्यावधिक गरी मन्त्रालय तथा स्थानीय तहले आफ्नो वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ। यस दफा बमोजिम अनुमतिपत्र प्रदान गर्ने अवधि, सोको ढाँचा तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको निवेदन अध्ययन तथा जाँचबुझ गर्दा त्यस्तो निवेदन बमोजिम अनुमतिपत्र प्रदान गर्न नमिल्ने भएमा सोको निवेदन पेश भएको नब्बे दिन भित्र निर्णय गरी सो सम्बन्धी निर्णयको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम भएको निर्णयउपर चित्त नबुझ्ने पक्षले निर्णयको जानकारी पाएको मितिले एक्काइस दिनभित्र अनुमतिपत्र दिने अधिकारीभन्दा एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ।

१७. **<u>एक भन्दा बढी कार्यको लागि अनुमतिपत्र नदिइने</u>ः** (१) विद्युत आयोजना विकास तथा सञ्चालनको लागि एउटै संस्थालाई एकभन्दा बढी कार्यको लागि अनुमतिपत्र प्रदान गरिने छैन।

**<u>स्पष्टीकरण</u>ः** यस उपदफाको प्रयोजनका लागि "एक भन्दा बढी कार्य" भन्नाले विद्युत उत्पादन, प्रसारण र वितरण सम्बन्धी कार्य सम्झनु पर्छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा एउटै संस्थालाई आवश्यकता र औचित्यको आधारमा एकभन्दा बढी कार्यको लागि अनुमतिपत्र प्रदान गर्न सकिनेछः-

(क) राष्ट्रिय तथा प्रादेशिक प्रसारण ग्रीड नपुगेको क्षेत्रमा विद्युत उत्पादन गरी त्यस्तो क्षेत्रमा विद्युतको बिक्री वितरण गर्ने भएमा,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्रसारण ग्रीड पुगेको भए तापनि त्यस्तो ग्रीड मार्फत विद्युत आपूर्ति गर्न भारवहन क्षमता तथा अन्य प्राविधिक कारणले सम्भव नभएमा।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत प्रदेशमा संघीय कानूनबमोजिम कुनै एउटै संस्थाले विद्युत उत्पादन, प्रसारण तथा वितरण समेतको कार्य गरिरहेको भए पाँच वर्षभित्र त्यस्तो संस्थाले विद्युत उत्पादन, प्रसारण तथा वितरणको लागि अलग–अलग संस्था गठन गर्नु पर्नेछ।

तर अलग–अलग संस्था गठन नभएसम्म एउटै संस्थाले विद्युत उत्पादन र वितरणको कार्य गर्न सक्नेछ र त्यस्तो संस्थाले सोको आधार सहित मन्त्रालयलाई जानकारी दिनुपर्नेछ ।

१८. **<u>अनुमतिपत्रको अवधि</u>ः** (१) यस ऐन बमोजिम प्रदान गरिने अनुमतिपत्रको अवधि देहाय बमोजिम हुनेछः-

(क) जलस्रोतबाट विद्युत उत्पादन गर्न जलशाययुक्त आयोजनाको हकमा बढीमा पैंतीस वर्ष र अन्य

प्रकृतिको आयोजनाको हकमा बढीमा तीस वर्ष,

(ख) जलस्रोत बाहेक अन्य स्रोतबाट विद्युत उत्पादन गर्न पच्चीस वर्ष,

(ग) विद्युत प्रसारण, वितरण तथा व्यापार सेवाको लागि पच्चीस वर्ष,

(घ) ग्राहक सेवाको लागि बढीमा पाँच वर्ष।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्ताव आह्वान गर्दाको अवस्थामा नै यस ऐनको प्रतिकुल नहुने गरी अनुमतिपत्रको अवधि उल्लेख गर्नुपर्नेछ।

(३) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिए बमोजिमको काबु बाहिरको परिस्थिति सिर्जना भई विद्युत आयोजनाको विकास तथा सञ्चालनमा बाधा उत्पन्न भएमा त्यस्तो आयोजनाको विकास तथा सञ्चालनको अवधि तथा लाभ, लागत र जोखिम समेतको आधारमा मूल्यांकन गरी उत्पादन अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्म थप गर्न सकिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले दफा १६ को उपदफा (१) बमोजिम वितरण अनुमतिपत्र समेत प्राप्त गर्ने भएमा त्यस्तो वितरण अनुमतिपत्रको अवधिलाई उत्पादन अनुमतिपत्रको अवधिसम्म कायम गर्न सकिनेछ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनु अघि अवधि तोकी जारी गरिएको अनुमतिपत्रको हकमा सोही अनुमतिपत्रमा उल्लिखित अवधि कायम हुनेछ ।

१९. **<u>अनुमतिपत्रको नवीकरण</u>ः** (१) विद्युत वितरण तथा ग्राहक सेवाको अनुमतिपत्र नवीकरण हुन सक्नेछ।

तर उत्पादन अनुमतिपत्र नवीकरण हुने छैन।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत कसैले पाँच वर्षभन्दा कम अवधिको लागि सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेको भए कार्य प्रगतिको

आधारमा बाँकी अवधिको लागि त्यस्तो अनुमतिपत्र नवीकरण हुन सक्नेछ।

(३) अनुमतिपत्रको नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **आदेश दिन सक्नेः** (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित अवधिभित्र विद्युत आयोजना सम्पन्न नगरेमा वा ढिलाइ गरेमा, अनुमतिपत्रमा उल्लिखित शर्त अनुरुपको काम नगरेमा वा यस ऐन विपरीत हुने कुनै काम गरेमा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले त्यस्तो काममा आवश्यक सुधार गर्न अवधि तोकी सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको आदेशको पालना गर्नु त्यस्तो अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

२१. **बहुउद्देश्यीय आयोजना सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन र प्रचलित कानून बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने कुनै बहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको बाँध निर्माण, व्यवस्थापन तथा सञ्चालन र त्यसबाट विद्युत उत्पादन र वितरण गर्न अलग–अलग संस्थालाई अनुमतिपत्र प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्दा त्यस्तो संस्थाको सहमतिमा एकै साथ अलग-अलग संस्थालाई अलग-अलग अनुमतिपत्र प्रदान गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त गर्नु अघि बहुउद्देश्यीय वा जलाशययुक्त आयोजनाको बाँध निर्माण, व्यवस्थापन तथा सञ्चालन र त्यसबाट विद्युत उत्पादन गर्ने संस्थाले आफूहरु बीचमा आयोजनाको विकास तथा सञ्चालन सम्बन्धमा भएको सम्झौता पेश गर्नु पर्नेछ।

(४) कुनै नदी बेसिनको माथिल्लो भागमा जलाशययुक्त आयोजनाको निर्माणको कारणले तल्लो भागमा अवस्थित विद्युत आयोजनाको लागि थप पानी उपलब्धताको आधारमा सिर्जना हुने

अतिरिक्त लाभ प्रदेश सरकारलाई पचास प्रतिशत, अनुमति प्राप्त संस्थालाई पच्चीस प्रतिशत र माथिल्लो भागमा अवस्थित जलाशययुक्त आयोजनाको अनुमति प्राप्त संस्थालाई पच्चीस प्रतिशत बाँडफाँड गर्नु पर्नेछ।

२२. **अनुमतिपत्रको खारेजीः** (१) देहायको अवस्थामा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) यो ऐन वा प्रचलित कानून बमोजिम सम्पन्न गर्नु पर्ने कार्य तोकिएको समयमा सम्पन्न नगरेमा,

(ख) दफा २० बमोजिम दिइएको आदेशमा तोकिएको समयभित्र काममा आवश्यक सुधार नगरेमा वा त्यस्तो आदेशको उल्लंघन गरेमा,

(ग) अनुमतिपत्रमा उल्लेखित शर्तको उल्लंघन गरेमा,

(घ) अनुमतिपत्र प्राप्त संस्थाको आर्थिक हैसियत वा अवस्था नाजुक भई अनुमतिपत्रमा उल्लेख भए बमोजिमको कार्य पूर्ण र प्रभावकारी रुपमा सम्पन्न गर्न नसक्ने विश्वसनीय आधार र प्रमाण भएमा।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि अनुमतिपत्र प्राप्त संस्थालाई आफ्नो सफाइ पेश गर्न उचित मौका दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त जवाफ समेतलाई विचार गरी अनुमतिपत्र खारेज गर्नु पर्ने स्पष्ट र वस्तुनिष्ठ आधार देखिएमा अनुमतिपत्र प्रदान गर्ने अधिकारीले त्यस्तो अनुमतिपत्र खारेज गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गरिएमा त्यसरी खारेज गर्नु पर्नाको आधार र कारण समेत खुलाई सोको लिखित जानकारी सम्बन्धित पक्षलाई दिनु पर्नेछ।

## परिच्छेद-५

## विद्युत उत्पादन, सञ्चालन तथा हस्तान्तरण सम्बन्धी व्यवस्था

२३. **क्याप्टिभ तथा सहउत्पादनः** (१) वैकल्पिक र नवीकरणीय ऊर्जाको हकमा क्याप्टिभ उत्पादन तथा सहउत्पादनको लागि अनुमतिपत्र लिनु पर्नेछ।

(२) क्याप्टिभ उत्पादन तथा सहउत्पादन भएको विद्युत आन्तरिक उपयोग गरी बचत हुने भएमा त्यस्तो सहउत्पादन वा क्याप्टिभ उत्पादनको हिस्सा त्यस्तो संस्था, उद्योग, फर्म वा कम्पनीले विद्युत वितरण वा व्यापार अनुमतिपत्र प्राप्त संस्थालाई बिक्री गर्न सक्नेछ।

(३) यस दफा बमोजिम क्याप्टिभ तथा सहउत्पादन गर्ने संस्था, उद्योग, फर्म वा कम्पनीले अनुमतिपत्र प्रदान गर्ने अधिकारीलाई आयोजना सम्बन्धी विवरण उपलब्ध गराउनु पर्नेछ।

२४. **आयोजनाको सञ्चालन र व्यवस्थापन नियन्त्रणमा लिन सक्नेः** (१) प्रदेश सरकारले देहायको अवस्थामा विद्युत आयोजनाको सञ्चालन र व्यवस्थापन केही समयको लागि आफ्नो नियन्त्रणमा लिन सक्नेछः-

(क) अनमुतिपत्र प्राप्त संस्थालाई यस ऐन बमोजिम कार्य गर्न पटक-पटक आदेश वा निर्देशन दिँदा समेत त्यसको बेवास्ता गरेमा,

(ख) विद्युत उत्पादन तथा वितरणको कार्य गर्न पूर्णरुपमा असक्षम र असमर्थ भएमा, वा

(ग) आम उपभोक्ताको हित प्रतिकूल हुने गरी कार्य गरेमा।

(२) उपदफा (१) बमोजिम विद्युत आयोजनाको व्यवस्थापन नियन्त्रणमा लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. **सम्झौता गरी विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्न सक्नेः** (१) प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको संगठित संस्थाले नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयको सहमति लिई

देहायको अवस्थाको विद्युत आयोजना कुनै विदेशी सरकार वा विदेशी सरकारले तोकेको संगठित संस्थासँग आयोजनाको एकीकृत विकास तथा वित्तीय सम्झौता गरी सोही सम्झौतामा उल्लिखित शर्तको आधारमा त्यस्तो आयोजनाको विकास तथा सञ्चालन गर्न सक्नेछः-

(क) प्रदेशको दुर्गम तथा विकट क्षेत्रमा आयोजना विकास गर्नका लागि बृहत लगानी आवश्यक पर्ने भएमा,

(ख) प्रदेशमा उपलब्ध प्रविधि, सीप र जनशक्तिबाट मात्र त्यस्तो आयोजना विकास गर्न सम्भव नहुने भएमा,

(ग) प्रदेशको आर्थिक उन्नति र प्रदेशमा रोजगारी सिर्जना गर्नमा उल्लेखनीय योगदान गर्ने भएमा।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि "आयोजनाको एकीकृत विकास तथा वित्तीय सम्झौता" भन्नाले विद्युत आयोजना विकास तथा निर्माणको लागि इञ्जिनियरिङ्ग, खरिद, करार र वित्तीय सम्बन्धी कार्य एउटै संस्था वा निकायले गर्नेगरी भएको सम्झौता सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम आयोजनाको एकीकृत विकास तथा वित्तीय सम्झौता गरेकोमा बाहेक प्रतिस्पर्धाबाट सक्षम संस्था वा निकाय छनौट गरी आयोजनाको एकीकृत विकास तथा वित्तीय सम्झौता गर्नु पर्नेछ।

(३) आयोजनाको एकीकृत विकास तथा वित्तीय सम्झौता गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **स्वामित्व हस्तान्तरणः** (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रको अवधि समाप्त भएपछि जुन तहको सरकारबाट अनुमतिपत्र जारी भएको हो सोही तहको सरकार वा सो तहको सरकारले तोकेको निकायलाई देहाय बमोजिमको संरचना चालू अवस्थामा निःशुल्क हस्तान्तरण गर्नु पर्नेछः-

(क) जलविद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित सम्पूर्ण संरचना,

(ख) विद्युत प्रसारण तथा वितरण लाइन, वितरण प्रणाली र सोसँग सम्बन्धित सम्पूर्ण संरचना।

तर प्रदेश सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था वा निकायले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेको जलविद्युत उत्पादन केन्द्र, प्रसारण लाइन तथा वितरण प्रणाली हस्तान्तरण गर्नुपर्ने छैन।

(२) उपदफा (१) बमोजिम विद्युत आयोजना तथा संरचना हस्तान्तरण गर्नु भन्दा कम्तीमा एकवर्ष अगावै हस्तान्तरण योजना बनाई सम्बन्धित निकायका कर्मचारीलाई त्यस्तो विद्युत आयोजना र संरचनाको सञ्चालन तथा मर्मत–सम्भारमा संलग्न गराई आवश्यक सीप र प्रविधि समेत हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रदेश सरकार वा प्रदेश सरकारले तोकेको निकायको स्वामित्वमा आएको जलविद्युत उत्पादन केन्द्र, विद्युत प्रसारण तथा वितरण लाइन वा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन प्रदेश सरकार आफैंले गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिस्पर्धाको माध्यमबाट कुनै संगठित संस्था छनौट गरी त्यस्तो संस्थाबाट विद्युत उत्पादन केन्द्र र वितरण लाइन वा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन गराउन सकिनेछ।

(५) उपदफा (४) बमोजिम संस्था छनौट हुन नसकेमा पूर्व अनुमतिपत्र प्राप्त संस्थासँग लाभ, लागत तथा सञ्चालन खर्चको आधारमा सम्झौता गरी त्यस्तो आयोजना सञ्चालन तथा व्यवस्थापन गर्न सकिनेछ।

(६) जलविद्युत उत्पादन केन्द्र बाहेक अन्य विद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचनाको तोकिए बमोजिम व्यवस्थापन गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ।

(७) यस दफा बमोजिम विद्युत उत्पादन केन्द्र, प्रसारण लाइन तथा वितरण प्रणालीको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

तोकिए बमोजिम हुनेछ।

२७. **विद्युत उत्पादन अनुमतिपत्र प्राप्त संस्थाको अधिकार, जिम्मेवारी र दायित्वः** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम र अनुमतिपत्रमा उल्लिखित शर्तको अधीनमा रही विद्युत उत्पादन केन्द्र र सोसँग सम्बन्धित संरचनाको निर्माण, सञ्चालन र व्यवस्थापन गर्ने दायित्व तथा जिम्मेवारी उत्पादन अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ।

(२) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले जलविद्युत उत्पादन गर्ने भएमा बाँध लगायतका महत्वपूर्ण संरचनाहरु वातावरणमैत्री हुनेगरी उपयुक्त स्थानमा रहने र जलस्रोतको अधिकतम उपयोग हुने कुराको सुनिश्चितता गर्नु पर्नेछ।

(३) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले बाँधको डिजाइन तथा सुरक्षा सम्बन्धी स्वीकृत मापदण्ड पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

(४) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१), (२) र (३) का अतिरिक्त देहाय बमोजिमका काम गर्नु पर्नेछः-

(क) आफूले विकास तथा सञ्चालन गरेको विद्युत आयोजना र सोसँग सम्बन्धित संरचनाको प्राविधिक विवरण तथा जानकारी अनुमतिपत्र प्रदान गर्ने निकाय, आयोग र अन्य सम्बन्धित निकायलाई दिने,

(ख) विद्युत उत्पादनको लागि अनुमति प्राप्त क्षेत्रमा उपलब्ध पानी र सोको प्रयोग सम्बन्धी तथ्याङ्क राख्ने र सोको जानकारी समय–समयमा सम्बन्धित निकायलाई उपलब्ध गराउने,

(ग) राष्ट्रिय प्रसारण ग्रीड तथा प्रसारण लाइन सञ्चालन गर्ने निकायसँग आवश्यक समन्वय कायम गर्ने,

(घ) राष्ट्रिय भार सम्प्रेषण केन्द्रसँग आवश्यक समन्वय तथा परामर्श गर्ने र प्राप्त निर्देशनको पालना गर्ने,

(ङ) विद्युत उत्पादन केन्द्र तथा सोसँग सम्बन्धित संरचनाको सञ्चालन तथा मर्मत–सम्भार सम्बन्धमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आयोगले निर्धारण गरेको मापदण्ड र दिएको निर्देशन पालना गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

२८. **<u>विद्युत प्रवाहको स्वीकृति लिनु पर्ने</u>:** (१) उत्पादन अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारण ग्रीड तथा प्रसारण लाइनमा प्रवाह गर्न स्वीकृति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्युत प्रवाहको स्वीकृति सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

२९. **<u>विद्युतको रोयल्टी</u>:** विद्युत उत्पादन तथा प्रसारण अनुमत्रिपत्र प्राप्त संस्थाले बुझाउनु पर्ने रोयल्टी सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

३०. **<u>विद्युत व्यापार</u>:** विद्युत व्यापार सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

## परिच्छेद-६

## <u>विद्युत प्रसारणसम्बन्धी व्यवस्था</u>

३१. **<u>राष्ट्रिय प्रसारण ग्रीड र राष्ट्रिय भार सम्प्रेषण केन्द्र</u>:** राष्ट्रिय प्रसारण ग्रीड र राष्ट्रिय भार सम्प्रेषण केन्द्र सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

३२. **<u>राष्ट्रिय प्रसारण ग्रीडमा पहुँच</u>:** (१) अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन गरेको विद्युत राष्ट्रिय प्रसारण ग्रीड वा प्रसारण लाइन मार्फत नेपालभित्र वा बाहिर प्रसारण गर्न सक्नेछ।

(२) राष्ट्रिय प्रसारण ग्रीडमा पहुँच प्राप्त गर्ने सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

३३. **<u>विद्युत मार्गको अधिकार (राइट अफ वे) कायम हुने</u>:** (१) विद्युत प्रसारण तथा वितरण लाइन विकास र सञ्चालनको लागि त्यस्तो लाइनको केन्द्र बिन्दुबाट दायाँ-बायाँ दुवैतर्फ संघीय कानूनमा तोकिए बमोजिमको दूरीमा विद्युत मार्गको अधिकार (राइट अफ वे) कायम हुनेछ।

(२) उपदफा (१) बमोजिम विद्युत मार्गको अधिकारभित्र परेको मार्गमा कुनै पनि प्रकारको घर टहरा वा संरचना निर्माण गर्न पाइने छैन।

तर विद्युत मार्गको अधिकारभित्र पर्ने जग्गाको प्रयोग हुने गरी विद्युत प्रसारण लाइन, राजमार्ग वा विकास निर्माणका अन्य संरचना बनाउनु पर्ने भएमा उपयुक्त प्रविधिको प्रयोग गरी विद्यमान विद्युत प्रसारण लाइनलाई असर नपर्ने गरी निर्माण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम विद्युत प्रसारण लाइनको अधिकार क्षेत्रभित्र परेको जग्गा तथा अन्य संरचनाको लागि अनुमतिपत्र प्राप्त संस्थाले तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एघार किलोभोल्ट वा सोभन्दा कम क्षमताको वितरण लाइनको विद्युत मार्गको अधिकार अन्तर्गत पर्ने जग्गाको लागि क्षतिपूर्ति दिइने छैन।

(५) विद्युत प्रसारण मार्ग (राइट अफ वे) मा विद्युत प्रसारण आयोजना वा प्रसारण अनुमतिपत्र प्राप्त संस्थाको सहमति लिई सुरक्षा मापदण्ड अवलम्बन गरी आयोजना प्रभावित क्षेत्रमा पहिचान भएका विपन्न परिवारका समूहलाई रोजगारमूलक आयआर्जनका कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद-७

## विद्युत वितरण तथा ग्राहक सेवा र विद्युत महसुलसम्बन्धी व्यवस्था

३४. **विद्युत वितरणः** (१) यस ऐन बमोजिम वितरण अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित क्षेत्रभर बिना भेदभाव सबै ग्राहकलाई विद्युत वितरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको वितरण अनुमतिपत्र प्राप्त संस्थाको जिम्मेवारी र दायित्व देहाय बमोजिम हुनेछः-

(क) उत्पादन वा व्यापार अनुमतिपत्र प्राप्त संस्था वा क्याप्टिभ उत्पादक वा सहउत्पादकसँग विद्युत खरिद गरी वितरण गर्ने,

(ख) विद्युत वितरण प्रणालीको निर्माण, सञ्चालन, मर्मत–सम्भार तथा व्यवस्थापन गर्ने,

(ग) ग्राहकको माग बमोजिम सुरक्षित, भरपर्दो र गुणस्तरीय विद्युत सेवा उपलब्ध गराउने,

(घ) सुरक्षित विद्युत आपूर्तिको लागि आवश्यक र उपयुक्त उपायहरु अवलम्बन गर्ने,

(ङ) विद्युत सेवा उपलव्ध गराए बापत ग्राहकबाट आयोगले निर्धारण गरे बमोजिमको महसुल उठाउने,

(च) विद्युतको माग व्यवस्थापन गर्ने,

(छ) विद्युतको माग, खपत, आपूर्ति, ग्राहकको विवरण र ऊर्जा दक्षता सम्बन्धी कामको विवरण तथा तथ्याङ्क वार्षिक रुपमा मन्त्रालय र नेपाल सरकारको सम्बन्धित निकाय समक्ष पेश गर्ने।

(३) विद्युत वितरणको लागि अनुमतिपत्र प्राप्त संस्थाले गरिब, विपन्न तथा सीमान्तकृत व्यक्ति वा परिवारलाई प्रदेश सरकार तथा स्थानीय तहले तोके बमोजिम विद्युत शुल्क तथा महसुलमा दोहोरो नपर्ने गरी राहत तथा छुट दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम राहत तथा छुट बापतको रकम प्रदेश सरकार वा त्यस्तो सरकारले तोकेको निकायले छ महिनाभित्र विद्युत वितरण संस्थालाई उपलब्ध गराउनु पर्नेछ।

३५. **<u>ग्राहक सेवासम्बन्धी व्यवस्था</u>**: (१) वितरण अनुमतिपत्र प्राप्त संस्थाको वितरण प्रणाली प्रयोग गरी ग्राहक सेवा अनुमतिपत्र प्राप्त संस्थाले उत्पादन वा व्यापार अनुमतिपत्र प्राप्त संस्थासँग विद्युत खरिद गरी आफ्ना ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्युत वितरण र ग्राहक सेवा अनुमतिपत्र प्राप्त संस्था बीच विद्युत वितरण प्रणालीको प्रयोग र त्यस बापतको शुल्क तथा सो प्रणाली मार्फत ग्राहकलाई विद्युत सेवा उपलब्ध गराउने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) आफ्नो क्षेत्रको विद्युत सेवालाई सामुदायिक विद्युतीकरण मार्फत सञ्चालन गर्न चाहने सामुदायिक विद्युत उपभोक्ता संस्थाले विद्युत वितरण अनुमतिपत्र प्राप्त संस्थासँग थोक दरमा विद्युत खरिद गरी ग्रामीण तथा दुर्गम क्षेत्र लगायतका क्षेत्रमा सामुदायिक विद्युत वितरण तथा विस्तार गर्न सक्नेछ।

३६. **<u>विद्युत महसुल निर्धारण</u>:** विद्युत वितरण संस्थाले ग्राहकसँग लिने पाउने विद्युत महसुल निर्धारण सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

३७. **<u>विद्युत महसुल असुल गर्ने</u>:** विद्युत सेवा उपयोग गरे बापतको महसुल, सेवा शुल्क, तथा जरिवानाको रकम नबुझाउने ग्राहकबाट अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ।

३८. **<u>विद्युतको गुणस्तर कायम राख्नुपर्ने</u>:** (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण र मर्मत–सम्भार गर्दा संघीय कानूनमा तोकिएको गुणस्तर, मापदण्ड र यस ऐन अन्तर्गतको नियममा तोकिए बमोजिमको गुणस्तर कायम राख्नु पर्नेछ।

(२) अनुमतिपत्र प्राप्त संस्थाले विद्युतको उत्पादन, प्रसारण, वितरण र मर्मत–सम्भार गर्दा तोकिए बमोजिमको सुरक्षात्मक उपाय अवलम्बन गरी भरपर्दो र सुरक्षित विद्युत आपूर्ति गर्नु पर्नेछ।

३९. **<u>विद्युत सेवा बन्द तथा कटौतीसम्बन्धी व्यवस्था</u>:** (१) अनुमतिपत्र प्राप्त संस्थाले ग्राहकलाई वितरण वा आपूर्ति गरिरहेको विद्युत सेवा बन्द वा कटौती गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सम्भव भएसम्म पूर्व सूचना दिई विद्युत सेवा बन्द वा कटौती गर्न सकिनेछः-

(क) कुनै ग्राहकले कानूनबमोजिम तिर्नु वा बुझाउनु पर्ने विद्युत महसुल वा शुल्क नतिरेमा वा नबुझाएमा,

(ख) विद्युत लाइन मर्मत–सम्भार गर्न वा अन्य प्राविधिक

काम गर्नु परेमा,

(ग) बाढी, पहिरो, आगलागी, भूकम्प, चट्याङ्ग जस्ता विपद् वा काबूबाहिरको अन्य कुनै असाधारण परिस्थिति उत्पन्न भएमा,

(घ) कुनै ग्राहकले अनधिकृत तवरले विद्युत उपभोग गरेमा वा शर्त विपरीत विद्युत सेवा उपभोग गरेमा।

४०. **विद्युत संरचनाको सुरक्षाः** (१) विद्युत आयोजना र सो सँग सम्बन्धित संरचनाको सुरक्षा गर्ने प्राथमिक जिम्मेवारी र दायित्व अनुमतिपत्र प्राप्त संस्थाको हुनेछ ।

(२) अनुमतिपत्र प्राप्त संस्थाबाट विद्युत आयोजना र सो सम्बन्धी संरचनाको विशेष सुरक्षाको लागि लिखित रुपमा अनुरोध भई आएमा नेपाल सरकारसँग समेत समन्वय गरी प्रदेश सरकारले विशेष सुरक्षाको व्यवस्था गर्नु पर्नेछ र त्यसरी विशेष सुरक्षा व्यवस्था गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ।

## परिच्छेद-८

## घरजग्गा प्राप्ति तथा वातावरण संरक्षणसम्बन्धी व्यवस्था

४१. **आयोजनाका लागि घर जग्गा प्राप्ति गर्नेः** (१) अनुमतिपत्र प्राप्त संस्थाले अनुमतिपत्रमा उल्लिखित कार्य गर्ने प्रयोजनका लागि कसैको घर जग्गा उपयोग वा प्राप्त गर्न प्रदेश सरकारको सहयोग आवश्यक भएमा सोही व्यहोरा उल्लेख गरी प्रदेश सरकार समक्ष लिखित अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुरोध प्राप्त भएमा सो प्रयोजनका लागि प्रदेश सरकारले आवश्यक सहजीकरण गर्नेछ। अनुमतिपत्र प्राप्त संस्थालाई जग्गा उपलब्ध गराउने सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको स्वामित्वमा रहेको जग्गा अनुमतिपत्रको अवधिसम्म

अनुमतिपत्र प्राप्त संस्थालाई प्रचलित कानून बमोजिम उपलब्ध गराउन सकिनेछ।

तर अनुमतिपत्र प्राप्त संस्थालाई राष्ट्रिय वन क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

(४) यस दफा बमोजिम अनुमतिपत्र प्राप्त संस्थालाई प्रदेश सरकारको सिफारिसमा नेपाल सरकारले घर जग्गा उपलब्ध गराइदिएको कारणबाट सम्बन्धित घरजग्गा धनीलाई पुग्न गएको वास्तविक हानी नोक्सानी बापत अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो घर जग्गा धनीलाई प्रचलित कानून बमोजिमको मुआब्जा वा क्षतिपूर्ति दिनु पर्नेछ।

४२. <u>**पुनर्स्थापना तथा पुनर्वास सम्बन्धी व्यवस्था**</u>: (१) अनुमतिपत्र प्राप्त संस्थाको लागि प्रदेश सरकारको अनुरोधमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै व्यक्तिको घर जग्गा प्राप्त गराइदिएको कारणबाट पूर्णरुपमा विस्थापित हुने र दफा ४१ को उपदफा (४) बमोजिमको मुआब्जा वा क्षतिपूर्तिबाट समेत त्यस्तो व्यक्तिको आधारभूत बसोवासको व्यवस्था गर्न अपुग हुने अवस्था भएमा आयोजना विकासको लागि उपलब्ध गराइएको जग्गाको उपादेयता र क्षेत्रफल तथा घरको अवस्था समेतको मूल्याङ्कन गरी उपलब्ध गराइएको मुआब्जा वा क्षतिपूर्तिबाट बसोवासको व्यवस्था गर्न अपुग भएको हदसम्म त्यस्तो व्यक्ति तथा निजको परिवारको लागि अनुमतिपत्र प्राप्त संस्थाले पुनर्स्थापना र पुनर्वासको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पुनर्स्थापना र पुनर्वास सम्बन्धी कार्यक्रम एकीकृत र समन्वयात्मक रुपमा सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको एकीकृत पुनर्स्थापना र पुनर्वास कार्यक्रम सञ्चालनको लागि आवश्यक सुरक्षा, गुनासो व्यवस्थापन तथा प्रशासनिक लगायतका अन्य सहयोग प्रदेश सरकारले समेत उपलब्ध गराउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(४) उपदफा (२) र (३) बमोजिमको कार्यको लागि आवश्यक पर्ने रकम अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ।

४३. **अरुको घर जग्गामा प्रवेश गर्न सक्ने**: (१) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा अनुमतिपत्र प्राप्त संस्थाले खटाएको कर्मचारीले विद्युतको उत्पादन, प्रसारण, वा वितरण गर्ने सिलसिलामा कसैको घर, जग्गामा प्रवेश गर्नु परेमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिई सहमति लिएर मात्र त्यस्तो घर, जग्गामा प्रवेश गर्न सक्नेछ। त्यसरी प्रवेश गर्दा कुनै हानी, नोक्सानी हुन गएमा जुन निकायले खटाएको हो सोही निकायले तोकिए बमोजिम क्षतिपूर्ति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कसैको घर, जग्गामा प्रवेश गर्न सम्बन्धित व्यक्तिले सहमति नदिएमा एकजना स्थानीय जनप्रतिनिधिलाई मौखिक जानकारी गराई कम्तीमा दुईजना स्थानीय व्यक्तिको रोहवरमा त्यस्तो घर, जग्गामा प्रवेश गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै घर, जग्गामा विद्युतको अनधिकृत प्रयोग वा चोरी भइरहेको सूचना वा जानकारी प्राप्त हुन आएमा सो कुराको जाँचबुझ गर्न नजिकको सुरक्षा निकाय वा सरकारी निकायका कर्मचारी वा स्थानीय जनप्रतिनिधिलाई मौखिक जानकारी गराई ती संस्थाले खटाएको कर्मचारी त्यस्तो घर, जग्गामा प्रवेश गर्न सकिनेछ।

तर दुर्घटना नियन्त्रण गर्न तत्काल त्यस्ता घर, जग्गामा प्रवेश गर्न आवश्यक परेमा पूर्वसूचना वा मौखिक जानकारी दिन आवश्यक पर्ने छैन।

४४. **वातावरण संरक्षण गर्नु पर्ने**: (१) विद्युत आयोजनाको विकास तथा निर्माण गर्दा अनुमतिपत्र प्राप्त संस्था, निजको निर्माण व्यवसायी तथा परामर्शदाताले वातावरणीय अध्ययन गरी वातावरण संरक्षण गर्न वातावरण सम्बन्धी प्रचलित संघीय र प्रदेश कानूनको पालना गर्नु पर्नेछ।

(२) जलविद्युत उत्पादन गर्न अनुमतिपत्र प्राप्त संस्थाले विद्युत

आयोजनाको विकास तथा निर्माण गर्दा नदी प्रणालीको पर्यावरणमा पर्न सक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्ने उपायहरु अवलम्बन गरी सोको लागि कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणको पानी आयोजनाको बाँधस्थल देखि नदीको तल्लो भागमा प्रवाह हुने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

(३) प्रदेश सरकारले विद्युत उत्पादन र वितरण अनुमतिपत्र प्रदान गर्दा त्यस्तो अनुमतिपत्र प्रदान गर्ने निकाय र अनुमतिपत्र प्राप्त गर्ने पक्षले सो सम्बन्धमा आयोजना स्थलमा तोकिए बमोजिम सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

(४) विद्युत उत्पादन, प्रसारण र वितरण गर्दा हुन जाने कुनै पनि किसिमको सामुदायिक वा निजी सम्पत्तिको क्षति बापत तोकिए बमोजिम मूल्याङ्कन गरी प्रभावित स्थानीय समुदायलाई क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-९

## सुविधा तथा सहुलियत सम्बन्धी व्यवस्था

४५. **स्थानीय बासिन्दालाई प्राथमिकता दिनु पर्ने**: (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको विकास तथा सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष प्रभावित स्थानीय बासिन्दालाई सीप र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिनु पर्नेछ।

(२) विद्युत आयोजनाबाट प्रत्यक्ष रुपमा प्रभावित स्थानीय बासिन्दालाई त्यस्तो आयोजना विकासको लागि शेयर लगानी गर्न चाहेमा स्वपूँजीमा बढीमा दश प्रतिशतसम्म शेयर लगानी गर्न दिनु पर्नेछ।

(३) विद्युत आयोजनाबाट प्रचलित कानून बमोजिम प्रदेश सरकारले प्राप्त गर्ने राजस्व रकम परिचालन गर्दा त्यस्तो राजस्वको न्यायोचित अंशलाई नगद, वस्तु वा सेवाका रुपमा आयोजना प्रभावित क्षेत्रका स्थानीय समुदाय मार्फत परिचालन गर्नु पर्नेछ।

४६. **विद्युत संरचनाको प्रयोग**: (१) अनुमतिपत्र प्राप्त संस्थाले विद्युत प्रसारण

तथा वितरणको लागि निर्माण गरेका विद्युत टावर, पोल तथा भूमिगत प्रणाली उपयुक्त कार्य वा अन्य प्रयोजनको लागि आपसी सम्झौताको आधारमा प्रयोग गर्न सकिनेछ।

(२) विद्युत वितरणको पोल, टान्सफर्मर तथा भूमिगत प्रणालीको लागि सम्भव भएसम्म सार्वजनिक वा सरकारी जग्गा प्रयोग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रयोजनका लागि अनुमतिपत्र प्राप्त संस्थाले कुनै प्रकारको क्षतिपूर्ति वा भाडा तिर्नु पर्ने छैन।

(४) विद्युतको पोल, टावर, प्रसारण तथा वितरण लाइन र सोसँग सम्बन्धित संरचना उपर अनुमतिपत्रको अवधिभर अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्व र अधिकार रहनेछ।

(५) अनुमतिपत्र प्राप्त संस्थाको स्वामित्वमा रहेका विद्युतको टावर तथा पोलमा त्यस्तो संस्थाको लिखित स्वीकृति बिना कुनै पनि प्रकारले प्रयोग गर्न वा विज्ञापनका सामग्री राख्न पाइने छैन।

४७. **ऊर्जा दक्ष उपकरणको प्रयोग**: अनुमतिपत्र प्राप्त संस्थाले विद्युत आयोजनाको कार्य गर्दा ऊर्जा दक्ष उपकरण, प्रविधि तथा प्रणालीको प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद– १०

## कसूर, सजाय र पुनरावेदन

४८. **कसूर**: कसैले देहाय बमोजिमको कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त नगरी विद्युत आयोजनाको विकास तथा सञ्चालन सम्बन्धी कुनै कार्य गरेमा,

(ख) दफा २० बमोजिमको आदेश वा निर्देशन पालना नगरेमा,

(ग) विद्युत आयोजना वा संरचनामा प्रतिकूल असर पर्ने वा हानी, नोक्सानी गर्ने मनसायले कुनै काम गरेमा वा

त्यस्तो आयोजना वा संरचना भत्काएमा वा बिगारेमा वा त्यस्तो कुनै कार्य गर्न उद्योग गरेमा वा त्यस्तो कुनै कार्य गर्न दुरुत्साहन गरेमा,

(घ) खण्ड (क), (ख) र (ग) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै कार्य गरेमा वा अनुमतिपत्र वा आयोजना सम्झौतामा उल्लिखित व्यवस्था वा शर्त वा स्वीकृत प्रतिवेदनको उल्लंघन गरेमा वा सो विपरीत कुनै कार्य गरेमा,

४९. **सजायः** (१) दफा ४८ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा हेरी दश लाख रुपैयाँदेखि बीस लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(२) दफा ४८ को खण्ड (ख) बमोजिमको कसूर गर्नेलाई कसूरको मात्रा हेरी पाँच लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना हुनेछ।

(३) दफा ४८ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई सजाय गर्ने अधिकारीले पाँच लाख रुपैयाँसम्म जरिवाना गरी त्यसबाट कसैलाई हानी नोक्सानी हुन गएको रहेछ भने सो बापतको क्षतिपूर्ति भराउन, कुनै निर्माण कार्य रोक्न वा सुधार गर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको सजाय गर्ने अधिकार प्रदेश सरकारको अनुमति प्रदान गर्ने निकायको प्रमुखलाई हुनेछ।

(५) यस दफा बमोजिम सजाय गर्नु अघि कसुरदारलाई आफ्नो सफाई पेश गर्न मनासिब मौका दिनु पर्नेछ।

५०. **पुनरावेदनः** दफा २२ को उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गरेको निर्णय वा दफा ४९ बमोजिम गरेको सजाय वा आदेशमा चित्त नबुझ्ने पक्षले त्यस्तो सजाय वा आदेश पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

५१. **संघीय कानून बमोजिम हुनेः** विद्युत सम्बन्धी फौजदारी कसूर र सो

उपरको अनुसन्धान तथा तहकिकात र सजाय सम्बन्धी व्यवस्था प्रचलित संघीय कानून बमोजिम हुनेछ।

५२. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन बाधा नपर्नेः** यस ऐन बमोजिम कसूर हुने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्दा चलाई सजाय गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद-११

## विविध

५३. **अनुगमन तथा निरीक्षणः** (१) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले विद्युत आयोजनाको अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तथा निरीक्षण गर्दा मन्त्रालयले स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा मन्त्रालयले अनुमतिपत्र प्राप्त संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

५४. **निर्देशन दिन सक्नेः** (१) प्रदेश सरकारले तोकेको विशेष अवस्थामा कुनै क्षेत्रमा तत्काल विद्युत सेवा पुऱ्याउन आवश्यक ठानेमा त्यस्तो विशेष अवस्थाका लागि अनुमतिपत्र प्राप्त संस्थालाई तत्काल विद्युत सेवा उपलब्ध गराउन आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन बमोजिम विद्युत सेवा उपलब्ध गराउनु सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिमको निर्देशन पालना गर्दा अनुमतिपत्र प्राप्त संस्थाले गरेको कार्यको आर्थिक तथा प्राविधिक मूल्याङ्कन गरी प्रदेश सरकारले आवश्यक रकम छ महिनाभित्र उपलब्ध गराउनु पर्नेछ।

(४) प्रदेश सरकार वा तोकिएको निकायले अनुमतिपत्र प्राप्त संस्थालाई विद्युत उत्पादन, वितरण तथा ग्राहक सेवा सञ्चालन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ।

५५. **पुरस्कार सम्बन्धी व्यवस्थाः** प्रदेशमा विद्युतको क्षेत्रमा उल्लेखनीय योगदान गर्ने व्यक्ति वा संस्थालाई मन्त्रालयले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ। पुरस्कार सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

५६. **अधिकार प्रत्यायोजनः** यस ऐन बमोजिम मन्त्रालयको सचिवले आफूलाई प्राप्त अधिकारहरु मध्ये सजाय गर्ने अधिकार बाहेक अन्य केही अधिकार आवश्यकता अनुसार मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख वा प्रदेश सरकारको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५७. **प्रचलित कानून बमोजिम हुनेः** विद्युतको उत्पादन, वितरण तथा ग्राहक सेवाको सम्बन्धमा यस ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ।

५८. **नियम बनाउने अधिकारः** (१) प्रदेश सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यकता अनुसार नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी प्रदेश सरकारले देहायका विषयहरुमा नियम बनाउन सक्नेछः-

(क) अनुमतिपत्र र सोको ढाँचा, अनुमतिपत्रको नविकरण, अवधि, खारेजी, अनुमतिपत्रको लागि दिइने निवेदनको ढाँचा र त्यसमा खुलाउनु पर्ने विषय, दस्तुर वा शुल्क र अन्य आवश्यक विषय,

(ख) विद्युत आयोजनाको सञ्चालनमा उपयोग गरिने उपकरण र सामानहरुको स्तर तथा उपयोग सम्बन्धी,

(ग) विद्युतको उत्पादन, प्रसारण, वितरण वा मर्मत सम्भारमा

कायम राख्नु पर्ने गुणस्तर, मापदण्ड तथा अवलम्बन गर्नु पर्ने सुरक्षात्मक उपाय सम्बन्धी,

(घ) विद्युतीकरण सम्बन्धी,

(ङ) विद्युत उत्पादन आयोजनाको लागि प्रतिस्पर्धा, प्रस्ताव आह्वान, छनौट तथा सम्झौताका शर्त सम्बन्धी,

(च) आन्तरिक तथा अन्तरदेशीय विद्युत व्यापार सम्बन्धी,

(छ) बहुउद्देश्यीय आयोजना विकास, क्याप्टिभ तथा सहउत्पादन सम्बन्धी,

(ज) विद्युत उत्पादन केन्द्र, प्रसारण तथा वितरण लाइन, वितरण प्रणाली र खुला पहुँच सम्बन्धी,

(झ) विद्युत प्रवाह सम्बन्धी,

(ञ) ग्राहक सेवा, रोयल्टी प्राप्ति तथा बाँडफाँड सम्बन्धी,

(ट) जग्गा प्राप्ति पछिको पुनर्स्थापना तथा पुनर्वास सम्बन्धी,

(ठ) अनुगमन निरीक्षण सम्बन्धी,

(ड) गुनासो सङ्कलन तथा व्यवस्थापन सम्बन्धी,

(ढ) स्थानीय बासिन्दालाई शेयर लगानीमा प्राथमिकता दिने सम्बन्धी,

(ण) विद्युत आयोजनाको व्यवस्थापन सम्बन्धी,

(त) जलस्रोतको एकीकृत विकास तथा सम्झौता सम्बन्धी।

५९. **<u>एकीकृत रुपमा कार्य गर्नु पर्ने</u>**: यो ऐन तथा अन्य प्रचलित कानून बमोजिम विकास आयोजना सञ्चालन गर्ने निकायले एक आपसमा समन्वय गरी एकीकृत रुपमा सडक, ढल, बिजुली, खानेपानी र सञ्चालन संरचना निर्माण गर्नु पर्नेछ।

६०. **<u>यसै ऐन बमोजिम भएको मानिने</u>**: यो ऐन प्रारम्भ हुनु अघि प्रदेश सरकारबाट विद्युतका विषयमा भए गरेका काम कारबाहीहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

६१. **<u>ऐन कार्यान्वयन मापन</u>**: मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष

पुगेको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पुगेको एक वर्षभित्र ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन प्रदेश सभाको सम्बन्धित समितिमा पेश गर्नेछ।

प्रमाणिकरण मिति २०८१/१२/३१

आज्ञाले,
उत्तम गौतम
प्रदेश सरकारको निमित्त सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय